गेरुवा गाउँपालिका

Geruwa Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

पशुपतिनगर, बर्दिया

Pashupatinagar, Bardiya

गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं.(F/Y):२०८१/०८२

च.नं.(Ref.No):

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

पहिलो पटक प्रकाशित मितिः-२०८१।४।२२

## सेवा करार सम्बन्धी सूचना

गेरुवा गाउँपालिका बर्दिया अन्तरगत आधारभूत स्वास्थ्य केन्द्र बगहिपुरको लागी अ.हे.व. पदको कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन ( पन्ध्र ) दिन भित्र राजश्व तिरेको सक्कलै रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशित गरएको छ। यसको फारम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालय बाट उपलब्धहुने छ।

| सि.नं. | बिज्ञापन नं. | पदको नाम | श्रेणी/ तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | अ.हे.व. | सहायक चौथो | १ (एक) | - |

शैक्षिक योग्यता :-

१. न्यूनतम योग्यता :- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्था बाट सि.एम.ए कोर्ष उत्तिर्ण।
२. १८ बर्ष उमेर पुरा भई ४० बर्ष उमेर ननाघेको हुनुपर्ने छ।
३. नेपाल स्वास्थ्य ब्याबसायी परिषदमा दर्ता भएको हुनुपर्ने छ।
४. प्रचलित कानून द्वारा अयोग्य नठहरिएको।

दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात :-

उमेद्वारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिताको प्रमाणित प्रतिलिपी, अनुभवको प्रमाणित प्रतिलिपी तथा नेपाल स्वास्थ्य ब्यबसायी परिषदमा दर्त्ता भएको प्रमाण पत्रको प्रतिलिपी संलग्नहुनुपर्ने छ । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेद्वार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्ने छ।

दरखास्त दस्तुर बाफतको रकम :-

अ.हे.व. पद सहायक चौथो तहकालागी रु.५००।- ( पाँचसय ) उमेद्वारले नेपाल इन्भेस्टमेन्ट मेगा बैंक गेरुवा शाखामा रहेको गेरुवा गा.पा. आन्तरिक राजस्व खाता ग-१.१ खाता नं.१७२०१४०००००१०९ मा परिक्षा दस्तुर बापतको रकम जम्मा गरी सक्कलै भौचर दरखास्त फारम साथ पेश गर्नुपर्ने छ।

सम्पर्क स्थान र मिति :-गेरुवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियामा सूचना प्रकाशन भएको १६ सोह्र औं दिनमा र सो दिनमा सार्बजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र।

परिक्षाको किसिम :- लिखित र मौखिक अन्तरवार्ता (परिक्षा हुने मिति गाउँपालिको Web site तथा सूचना पाटीमा प्रकाशन गरिनेछ र सम्पर्क मितिको दिनमा समेत जानकारी गराईने छ )

सेवा सुबिधा तथा करार अवधी :- करार सर्तमा उल्लेख भए बमोजिम हुने छ।

दरखास्त फारम पाईने शाखा :- गेरुवा गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा बाट प्राप्त गर्न सकिने छ।

अन्य कुरा :- प्रचलित कानून बमोजिम हुने छ।

२०८१।४।२२

(नर बहादुर चन्द)

प्रमुख प्रशासकीय अधिकृत

नर बहादुर चन्द प्रमुख प्रशासकिय अधिकृत